# महादेवा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## बथनाहा, सप्तरी

***आर्थिक रुपले विपन्न परिवारका लागि किरिया खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०८२***

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यवाट प्राप्त हुने आधारभूत सेवामा पहुँच पुर्‍याई आर्थिक तथा सामाजिक विपन्नताबाट मुक्ति पाउने कुरालाई मौलिकहक एवम् राज्यको नीति निर्देशक सिद्धान्तको रुपमै प्रत्याभूत गरेकोले आर्थिक रुपले विपन्न तथा गरिबीको दुष्चक्रमा जेलिएका व्यक्तिहरुको कुनै दुर्घटना वा कालगतिले मृत्युवरण भएमा निजको परिवारलाई राहत पुर्‍याउने उद्देश्यले यस गाउँपालिकाको क्षेत्रभित्र स्थायी बसोबास गर्ने आर्थिक रुपले विपन्न गरिब तथा असहाय परिवारका सदस्यको मृत्यु हुँदा निजको परिवारलाई किरिया खर्च उपलब्ध गराउन वान्छनीय भएकोले,

महादेवा गाउँपालिकाले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिमको अधिकार प्रयोग गरी ***आर्थिक रुपले विपन्न परिवारलाई किरीया खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०८२*** बनाएको छ । यो कार्यविधि महादेवा गाउँपालिका गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति बाट लागू हुनेछ ।

## १. उद्देश्य

१.१ आर्थिक रुपले विपन्न गरिव परिवारका सदस्यको मृत्यु भएमा तत्कालिन अवस्थामा परिवारको खर्चको आवश्यकता परिपूर्ती गर्न र गलत सामाजिक अभ्यासहरु तथा कुरीतिहरुको अन्त्य गर्दै बाधाहरु हटाउन,

१.२ नेपाल सरकारद्धारा तोकिएको समयमै मृत्युदर्ता गरी व्यक्तिगत घटना दर्ता कार्यलाई प्रभावकारी बनाउन,

१.३ गरिव विपन्न र असहाय वर्गसँग सहकार्य बढाउन,

१.४ लक्षित समुदायलाई सेवा लिन अभिप्रेरित गर्न स्थानीय सरकारले जिम्मेवारी तथा अपनत्व वहन गरेको अनुभुति दिलाउन,

१.५ गरिव, जोखिममा परेका, विपन्न र आर्थिक तथा सामाजिक रुपमा उपेक्षित वर्गको व्यक्तिहरुलाई सहभागी हुने अवसर प्रदान गर्न,

## २. आर्थिक रुपले विपन्न परिवारलाई किरिया खर्च रकम प्रदान गर्न सकिने

२.१ आ.व. ०८२।८३ को श्रावन १ गते देखि यस महादेवा गाउँपालिकाको क्षेत्रभित्र स्थायी बसोबास गर्ने गरिब, असहाय तथा आर्थिक रुपले विपन्न परिवारका सदस्यको दुर्घटना वा कालगतिले मृत्यु भएमा निजको परिवारका सदस्य वा हकवालालाई रु १०,०००।०० ( अक्षरेपी रु. दश हजार मात्र) किरिया खर्च बापतको रकम उपलब्ध गराइनेछ ।

२.२ किरिया खर्च बापतको  रकम आर्थिक रुपले विपन्न प्रति परिवारलाई सो परिवारका कुनै सदस्यको मृत्यु भएमा बढीमा २ पटक सम्म मात्र प्रदान गरिनेछ ।

## *३. किरिया खर्च वापतको रकम पाउने आधारहरु*

३.१ महादेवा गाउँपालिका क्षेत्रभित्र स्थायी रुपले बसोबास गरेको हुनुपर्ने ।

३.२ कुनै भवितव्य दुर्घटना वा कालगतिले मृत्यु भएको हुनुपर्ने ।

३.४ मृतक गरिब, दलित वा आर्थिक रुपले विपन्न परिवारको हुनुपर्ने ।

३.५ मृतकको परिवारका सदस्यले मृत्यु भएको मिति देखि ३५ दिन भित्र किरिया खर्च वापतको रकम प्राप्त गर्न निवेदन पेश गरेको हुनुपर्ने ।

## ४. किरिया खर्च वापतको रकम प्राप्त गर्न आवश्यक कागजातहरु

क) अनुसूची १ बमोजिमको निवेदन फारम

ख) अनुसूची २ बमोजिमको किरिया खर्च उपलब्ध गराईदिने भनी सम्बन्धित वडा कार्यालयको सिफारिस

ग) मृतक व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

घ) मृतक व्यक्तिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि

ङ) किरिया खर्च प्राप्त गर्ने मृतकको हकवालाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि साथै मृतकसँग पारिवारीक नाता खुल्ने अन्य कागजात

च) अनुसूची ३ बमोजिमको आर्थिक रुपले विपन्न भएको भनी स्वघोषणा पत्र

## ५. किरिया खर्च वापतको रकम प्रदान गर्ने तरिका

५.१ महादेवा गाउँपालिकाको कार्यालयमा आवश्यक कागजात सहित निवेदन दर्ता भएका आर्थिक रुपले विपन्न मृतक परिवारका सदस्यलाई किरिया खर्च वापतको रकम महादेवा गाउँपालिकाले आवश्यक स्थान वा मृतकको घरआँगनमा गाउँपालिकाको अध्यक्ष वा निजको प्रतिनिधि, उपाध्यक्ष वा निजको प्रतिनिधि, वडा अध्यक्ष, पञ्जिकरण शाखा प्रमुख, सम्बन्धित वडाका वडा सचिव एवम् अन्य कर्मचारी तथा जनप्रतिनिधिको रोहवरमा अनुसूची ४ बमोजिमको भरपाई गरि वितरण गरिनेछ । साथै सो भरपाईको अभिलेख अनुसूची ५ बमोजिम सुरक्षित राख्नुपर्नेछ ।

## ६. किरिया खर्च वापतको रकम विपन्न परिवारको आवश्यकतामा खर्चिनुपर्ने

६.१ महादेवा गाउँपालिकाको कार्यालयले किरिया खर्च रकम वापत उपलब्ध गराउने रु १०,०००।०० अक्षरेपी रु दश हजार मात्र बाट निज मृतकका परिवारले परिवारको आवश्यकता अनुसार गाँस बास तथा कपासको व्यवस्थापनमा खर्च गर्नुपर्नेछ ।

## ७. विविध

७.१ विशेष परिस्थितिमा किरिया खर्च वापतको रकम बरावरको आवश्यक सरसामान गाउँकार्यपालिकाको कार्यालयले प्रचलित नियमानुसार खरिद गरी मृतकको परिवारलाई सोझै समेत उपलब्ध गराउन सक्नेछ ।
७.२ आर्थिक रुपले विपन्न परिवारका सदस्यलाई उपलब्ध गराइने किरिया खर्च वापतको रकम भरपाई तथा अन्य कागजातको आधारमा सम्बन्धित कर्मचारीलाई शोधभर्नाको रुपमा सम्बन्धित शिर्षकबाट उपलब्ध गराइनेछ ।
७.३ यस कार्यविधि विपरित महादेवा गाउँपालिका सप्तरी क्षेत्र बाहिरका तथा आर्थिक रुपले सम्पन्न मृतकको हकमा कार्यान्वयन गर्न गराउन वा त्यस्तो निर्णय वा आदेश दिन वा सिफारिस तथा सहयोग गर्न पाइने छैन ।
७.४ यस कार्यविधिको अनुसूचीमा कार्यपालिकाले आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।
७.५ यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानिय सरकार संचालन ऐन २०७४ र अन्य प्रचलित कानून संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।
७.६ कार्यपालिकाको बैठकले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**८. वाधा अडकाउ फुकाउ**

८.१ यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अड्काउ आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची १

*आर्थिक रुपले विपन्न परिवारलाई किरिया खर्च वापतको रकम उपलब्ध गराउने कार्यक्रम*

किरिया खर्च वापतको रकम लिन पेश गरिने निवेदनको ढाँचा

श्री महादेवा गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय बथनाहा, सप्तरी ।

<u>विषय : किरिया खर्च वापतको रकम उपलब्ध गराई पाउँ ।</u>

१. मृतकको नामथर :
२. नागरिकता प्र.पत्र नं. तथा ना.प्र.प. लिएको जिल्ला :
३. पति पत्नीको नामथर र ना.प्र.प. नं. :
४. परिवारको सदस्य संख्या :
५. मृत्यु भएको मिति :
६. मृत्युको कारण :
७. मृत्युदर्ता प्रमाणपत्र नं. :
८. स्थायी ठेगाना :

निवेदक
सही :
नामथर :
मृतकसँगको नाता :
ठेगाना :

अनुसूची २

*आर्थिक रुपले विपन्न परिवारलाई किरिया खर्च वापतको रकम उपलब्ध गराउने कार्यक्रम*

किरिया खर्च वापतको रकम उपलब्ध गराईदिने सिफारिसको ढाँचा

श्री महादेवा गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय बथनाहा, सप्तरी ।

*विषय : किरिया खर्च वापतको रकम उपलब्ध गराईदिने सम्बन्धमा ।*

प्रस्तुत विषयमा साविक ................ गा.वि.स. वडा नं. .................... हाल महादेवा गाउँपालिका वडा नं. ............ टोल ...................... बस्ने श्री ........................ को नाती श्री ................................ को छोरा/छोरी श्री ................................ को पति/पत्नी बर्ष ................. को श्री ............................ को मृत्यु मिति ........................ गते ........................... कारणले भएको तथा निज मृतकको परिवारको मासिक/बार्षिक आम्दानी रु .................. (अक्षरेपी रु ...........................) मात्र भएको हुँदा निज मृतकको परिवार आर्थिक रुपले अति विपन्न रहेको देखिएकाले निजको परिवारका सदस्य श्री ................................ (मृतक सँगको नाता) लाई आर्थिक रुपले विपन्न परिवारका लागि किरिया खर्च उपलब्ध गराउने कार्यविधि २०८२ बमोजिम किरिया वापतको खर्च रकम उपलब्ध गराईदिनु हुन सिफारिस साथ अनुरोध छ । साथै निज मृतक आर्थिक रुपले अति विपन्न रहेको भनी व्यहोरा ठीक साँचो हो फरक परेमा सहुँला बुझाउँला ।

| | |
|---|---|
| ........................... | ............................ |
| वडा सचिव | वडा अध्यक्ष |

अनुसूची ३

*आर्थिक रुपले विपन्न परिवारलाई किरिया खर्च वापतको रकम उपलब्ध गराउने कार्यक्रम*

किरिया खर्च वापतको रकम प्राप्त गर्न आर्थिक रुपले विपन्न रहेको स्वघोषणा फारम

श्री महादेवा गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय बथनाहा, सप्तरी ।

*विषय : आर्थिक रुपले विपन्न रहेको स्वघोषणा सम्बन्धमा ।*

प्रस्तुत विषयमा म हकवाला श्री ............................ मृतक हाल महादेवा गाउँपालिका वडा नं. ................ बस्ने श्री..................................... को आफ्नो साखै छोरा/छोरी/पति/पत्नी हुँ । मेरो परिवारको ................ जना सदस्यहरु परिवारको खर्च धान्न ......................................... काम गर्दै आएका छौं । मेरो परिवारको कुल मासिक/बार्षिक आम्दानी रु ........................... रहेको छ । तसर्थ मेरो परिवार आर्थिक रुपले अति विपन्न रहेको भनी व्यहोरा ठीक साँचो हो भनी स्वघोषण गर्दछु । साथै फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

..........................
मृतकका परिवारको तर्फबाट
नाम :
मृतकसँगको नाता :

# अनुसूची ४
# किरिया खर्च वापतको रकम बुझिलिएको भरपाई

| सि.नं. | मृतकको नामथर र वतन | किरिया खर्च बुझिलिनेको नामथर | बुझिलिएको रकम | बुझिलिएको मिति | बुझिलिनेको सहीछाप | रोहवरमा बस्नेको नामथर र सहीछाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

# अनुसूची ५
# किरिया खर्च वापतको रकम बुझिलिएको अभिलेख
# आर्थिक बर्ष

| सि.नं. | मृतकको नामथर र वतन | किरिया खर्च बुझिलिनेको नामथर र नाता | बुझिलिएको रकम | बुझिलिएको मिति | रकम बुझाउनेको नामथर | सिफारिस गर्ने वडा कार्यालय | रोहवरमा बस्ने व्यक्तिको नामथर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |